श्री ५ को सरकार
## अर्थ मन्त्रालयको
## सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) र बिक्री कर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी परोपकार श्री ५ इन्द्र राज्य-लक्ष्मी देवी प्रसूती गृहले जर्मन-नेपाल सहायता संघद्वारा चन्दास्वरूप प्राप्त गरेको डी. एम. ३४,०८६।– मूल्य बराबरको सानोलिन मेसिनमा लाग्ने भन्सार महसूल तथा बिक्री कर पूर्ण रूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार
## अर्थ मन्त्रालयको
## सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) र बिक्री कर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी बीर अस्पतालले पश्चिम जर्मनीको **AESCUCAP** कम्पनीबाट उपहारस्वरूप प्राप्त गरेको डी. एम. ३५,१४३।९० मूल्य बराबरको सर्जिकल सामानमा लाग्ने भन्सार महसूल तथा बिक्री कर पूर्ण रूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार
## अर्थ मन्त्रालयको
## सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी शाही नेपाल वायु सेवा निगमले विदेशमा छापी आयात गर्ने उक्त निगमको नाम अंकित हवाई टिकट र एयरवे बिलको आयातमा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्ण रूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।